विषयः नेपाली पूर्णाङ्क ७५

उत्तीर्णाङ्क ३०

कक्षा : ८ समय :२ घण्टा १५ मिनेट

---

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् : ३**

| **'क'** | **'ख'** |
|---|---|
| विपन्न | कारण |
| ऐश्वर्य | कर्मठ |
| कर्मशील | गरिब |
| शौर्य | बहादुरी |
| तैनाथ | सूर्य |
| सहेली | साथी |
| | खटिएको |
| | धन |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् : ३**

क) ......... अनेकार्थी शब्द हो । ( दियो, लियो, थियो )

ख ' पति'को पर्यायवाची शब्द.......हो । ( पत्नी , स्वामी , धनी )

ग) ...........अनेकार्थी शब्द होइन । ( मास, रहर, सिमी )

घ) ' आदि 'को विपरीतार्थी शब्द ......हो । ( आधा , अन्त्य , सुरु )

ङ) 'काल' को अर्थ..........होइन । ( विकराल, समय, मृत्यु )

च) 'अन्न' को समावेश्य शब्द........हो । ( खानेकुरा , मकै, भोकै )

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ४**

चकित, कुलेलम ठोक्नु ,प्रतियोगिता, जति जोगी आए पनि कानै चिरेका

**४. क. शुद्ध गर्नुहोस् : २**

कम्पुटर आधुनिक बिज्ञानले मानवलाई दिएको अनूपम उपहार हो !

**ख. तल दिएका समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्: २**

अ. शङ्घर्ष , सङ्घर्ष , सङ्घर्श , सङ्घर्स

आ.गमभिर, गम्भीर, गम्भिर, गमभीर

इ.दानविर, दानवीर, दानबिर, दानबीर

ई. पानीघडी, पानिघडी, पानिघडि, पानीघडि

**५. रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याउनुहोस् :३**

<u>तिमी</u>ले <u>आज</u> <u>राम्रो</u> खेल खेल्यौ <u>है</u> भनेर <u>गुरु</u>ले <u>भन्नुभयो</u> ।

**६.रेखाङ्कित शब्दको कारक पहिचान गरी लेख्नुहोस् : १**

उसले साथीलाई उपहार दिएछ अनि साथी खुसी भएछ ।

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् : ३**

क) आस्था लुगा ....................।  ( धु : सामान्य भूत)

ख) सौगात शैक्षिक भ्रमण ..........। ( जा : पूर्ण वर्तमान )

ग) खेलाडीहरूले खेल ..............।  (जित् : सम्भावनार्थ )

घ) तिमी खाना ................ ।  ( खा : आज्ञार्थ)

ङ) किसान खेत ............।  ( खन् : अपूर्ण भविष्यत् )

च) हामी खेल खेल्न ......। ( सक् : सामान्य वर्तमान )

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४**

क) केटी घुम्न जाँदै छे । (बहुवचन)

ख) साथी किताब किन्छ ।  ( प्रेरणार्थक )

ग) समीरले भाइलाई बोलायो ।  ( कर्म वाच्य)

घ) पुन्टे थुक घुटुघुटु निल्थ्यो ।( अकरण )

**९. पूर्ण भूत कालका चार ओटा क्रियापदको प्रयोग गरी आफू सहभागी भएको वनभोज कार्यक्रमको बयान गर्नुहोस् ।४**

**१०. तलको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् । ५**

'बिहानीले दिउँसोको सङ्केत गर्छ' भनेझैं हर्क गुरुङ सानैदेखि लगनशील, इमानदार र अनुशासित थिए । उनी आफ्ना साथीहरू र गुरुहरूका माझ असाध्यै प्रिय थिए । सानैदेखि आफ्नो गाउँघरमा भएका वनपाखा, नागबेली परेका पहाडहरू र त्यहाँ रमाउने चराचुरुङ्गीको आवाज सुनेर लोभिन्थे । बाल्यकालदेखि नै यही प्राकृतिक वातावरणले उनको मनलाई मोहित पारेको थियो । त्यसैले भूगोल विषयको अध्ययन गर्ने र देशको भूगोलको नक्सा कोर्ने अभिलाषा उनको मनमा सजीव भएर आयो ।

**प्रश्नहरूः**

क. हर्क गुरुङको स्वभाव कस्तो थियो ?

ख. हर्क गुरुङ किन लोभिन्थे ?

ग. उनको मनमा के कुरा सजीव भएर आयो ?

घ. 'बिहानीले दिउँसोको सङ्केत गर्छ' भन्नुको तात्पर्य के हो ?

ङ. 'सजीव' र 'अभिलाषा' शब्दको अर्थ लेख्नुहोस् ।

**११. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश गर्नुहोस् । ५**

परोपकार र समाजसेवा नेपाली संस्कृतिका आधारभूत पक्ष हुन् । हामी हाम्रो आश्रयमा आएका पाहुनालाई स्वागत गर्छौं । पाहुनालाई देवतासरह ठानी सत्कार गर्छौं । आपत्मा परेकाको उद्धार गर्नु हाम्रो पहिलो कर्तव्य हुन्छ । हामी परोपकारी भावनाबाट प्रेरित भएर पाटीपौवा र चौतारो बनाउँछौं । मठ, मन्दिर, पुल, धर्मशाला र धारो निर्माण गर्छौं ।

हामी आफ्नो सम्पत्ति समाजसेवामा अर्पण गर्न सधैँ लालायित हुन्छौँ । अनाथालय, वृद्धाश्रम आदि सामाजिक संस्था स्थापना गर्नुलाई हामी ठूलो सौभाग्य ठान्छौँ । हाम्रो संस्कृतिमा दानलाई महान् कार्य मानिन्छ । हाम्रा वेद आदि पुराना ग्रन्थहरूमा पनि दानवीरहरूको गौरवगान पाइन्छ ।

**१२)कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४**

क. **दिइएका बुँदाहरूका आधारमा कथा तयार पार्नुहोस् :**

कुनै एउटा गाउँमा दुष्ट मानिस ......... सबै गाउँलेलाई सताउनु .......... गाउँलेहरू सधैँ सन्त्रस्त ............ एक पटक ऊ नराम्ररी बिरामी पर्नु ......... ऊ मर्न लाग्नु ......... सबै गाउँलेलाई बोलाएर आफूले जीवनभरि उनीहरूलाई दिएको दुःखको सट्टामा माफी माग्नु ............ आफू मरेपछि आफ्ना मुखमा बाँसका किलाहरू ठोकेर अन्तिम संस्कार गरिदिन आग्रह गर्नु ......... मर्नु ........ गाउँलेले उसले भनेबमोजिम गर्नु .........मुखमा किला ठोकेर घाटतिर जाँदा राजाका सिपाहीले देख्नु ....... सबैलाई जेल हाल्नु ....... दुष्टले बाँचुन्जेल मात्र भभई मरेपछि पनि दुःख दिन्छ ।

**अथवा**

ख. **सडक दुर्घटना** शीर्षकमा दुई साथीका बिचको संवाद लेख्नुहोस् ।

**१३. कुनै एकको भाव विस्तार गर्नुहोस् : ४**

क. म अझै पनि तपाईंसँग मित्रता चाहन्छु । अहिले तपाईं अकिञ्चन, म सत्तासीन ।

ख. पारि जाँदा मन वारि देउरालीमा राख
पाखुरामा पहराको बल बोकी राख ।
मर्स्याङ्दीको पहरामा कुलो खोप्नुपर्छ
टारीभरि बारीभरि सिप रोप्नुपर्छ ॥

**१४. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् : ८**

क. भाले सिंहले स्यालको बच्चोलाई किन मारेन ?

ख. रवीन्द्रनाथले आफ्ना कृतिका माध्यमबाट केकस्तो सन्देश दिएका छन् ?

ग.मानिसका कस्ता कामले वातावरण प्रदूषित हुन्छ ?

**१५ .यदि तपाईं एउटा घटना कथाको सुरेशका ठाउँमा हुनुभएको भए अफ्नो गल्तीले गमला फुट्दा के गर्नुहुन्थ्यो ? ४**

**१६.कुनै एकको विवेचनात्मक उत्तर दिनुहोस् : ८**

क) विक्रमले कसरी आफ्नी आमालाई ठगिनबाट बचायो ? बयान गर्नुहोस् ।

ख) हामी एउटै हौं एकाङ्कीले केकस्तो सन्देश दिएको छ ? विवेचना गर्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ८**

क) मेरो जीवनको लक्ष्य

ख) परिवारप्रति मेरो दायित्व

ग) जीवनमा खेलको महत्त्व